# श्री गोकुल सामुदायिक वन उपभोक्ता समुह ,
# डुडुवा गा.पा. वडा नं. ३,४ र ५ बाँके

## गोलिया काठ तथा दाउरा चट्टा बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/७/३० )कालपृष्ठ राष्ट्रिय दैनिक

विस्तृत सूचना

यस सामुदायिक वन उपभोक्ता समुहले व्यवस्थापन गरेको वन क्षेत्रका समुहको स्वीकृत वन व्यवस्थापन योजना अनुसार डि.व.का.बाँकेको च.नं.२७३५ मिति २०८०/११/३० गतेको वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा समुहमा आन्तरिक खपत भई बाँकी रहेका काठ दाउरा डि.व.का. बाँकेको च.नं.८६६ मिति २०८१/०६/२० गते को बाह्य लिलाम सहमति बमोजिम समुहको घाटगद्दीमा रहेका खयर, सिसौ लगायतका गोलिया थान ७२२ को ११८०.८५ घन.फीट काठ र साल दाउरा ०.७ चट्टा, सिसौ जातको दाउरा ०.१५ चट्टा र अन्य जातको दाउरा ०.६५ चट्टा हाल जे जस्तो अवस्थामा छ सोही अवस्थमा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले सूचिकृत भएका काठ व्यवसायीहरुले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ औ दिन भित्र बोलपत्र खरिद गरी १६ औ दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत सूचना यस समुहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको व्यहोरा सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

तपशिल

| लट नं. | जात | ग्रेड | थान | परिमाण | दर | न्युनतम मुल्य | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|
| १ | खयर | ए | ६८३ | ९४९.८ | १००० | ९४९८०० | ११८७२५ |
| गोलिया जम्मा | | | ६८३ | ९४९.८ | | ९४९८०० | |
| लट नं.१ को कुल जम्मा | | | | | | ९४९८०० | ११८७२५ |
| लट नं. | जात | ग्रेड | थान | परिमाण | दर | न्युनतम मुल्य | संकलन खर्च |
| २ | सिसौ | ए | १४ | १४९.१६ | १२५० | १८६४५० | २९८८१.२५ |
| | सिसौ | बि | १७ | ७४.७५ | १००० | ७४७५० | |
| | सिसौ | सि | ८ | १५.१४ | ६०० | ९०८४ | |
| गोलिया जम्मा | | | ३९ | २३९.०५ | | २७०२८४ | |
| साल जातको दाउरा चट्टा | | | | ०.७ | १२००० | ८४०० | ८४०० |
| सिसौ जातको दाउरा चट्टा | | | | ०.१५ | १२००० | १८०० | १८०० |
| अन्य जातको दाउरा चट्टा | | | | ०.६५ | ४००० | २६०० | ७८०० |
| | | | | | | | ४७८०१.२५ |

राजेश यादव
अध्यक्ष

## शर्त तथा नियमहरु

१. बोलपत्र खरीद गर्नु पर्ने अन्तिम मिति र समय : २०८१/०८/१४ कार्यालय समय सम्म ।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय : २०८१/०८/१५ कार्यालय समय सम्म ।

३. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रकम यस समुहको साग्रिला विकास बैंक नेपालगंज शाखा रहेको हिसाब नं. ०१४००८०००६१२५५००००००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना सम्म म्याद भएको बैंक ग्यारेन्टी समावेश गरेको हुनु पर्नेछ ।

४. बोलपत्र फारम रु १०००/-(पछि फिर्ता नहुने गरी) तिरी यस समुह वा डिभिजन वन कार्यालय, बाँकेबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

५.लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस सा.व.उ.स. को घाटगद्दीमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिने डि.व.का.मा सूचिकृत भएका ईच्छुक काठ दाउरामा आधारित उद्योगहरुले सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपी सहित नेपाली नागरिकताको प्रमाणपत्र, कर दर्ता/चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, मूल्य अभिबृद्धी कर दर्ताको प्रतिलिपी वा स्थायी लेखा नम्बर (पि.पि.एन.) दर्ताको प्रमाणपत्रको प्रतिलिपी, कारोबार गर्न अनुमसत पाएको फर्मको प्रतिलिपी साथ सिलबन्दि बोलपत्र पेश गर्नु पर्नेछ ।

७. निर्धारित न्युनतम संख्या र रितपुर्वक दाखिला हुन आएमा बोलपत्रहरु मिति २०८१/८/१७ गते दिउसो २:०० बजे समुहले समूह, कार्यालयहरु, बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ साथै बोलपत्र दाखिला गर्ने फर्मको प्रतिनिधी अनुपस्थित भएमा पनि बोलपत्र खोलिनेछ ।

८. बोलपत्र खरिद दाखिला वा खोल्ने दिन विदा परेमा क्रमश कार्यालय खुलेको पहिलो दिनमा गरिनेछ ।

९. लिलाम विक्री सदर भएको जानकारी प्राप्त भएको मितिले वा समुहले कार्यालयको सूचना पाटिमा टाँस गरेको मितिले १० दिन भित्र सकार रकम , मूल्य अभिबृद्धि कर तथा संकलन खर्च नियमानुसार छुट्टाछुट्टै बुझाई लिलाम चढेका वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्र सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार समुहमा रहनेछ ।

१२. अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

राजेश

राजेश यादव
अध्यक्ष